**नागरिकता परित्यागः**

नेपाली नागरिकता परित्याग गर्न चाहने नेपाली नागरिकले सक्कल नागरिकताको प्रमाण पत्र सहित आबश्यक निवेदन *(नागरिकता त्यागको लागि भर्नु पर्ने फाराम को लागि यहां क्लिक गर्नु होला)* फाराम भरी राजदूतावासमा पेश गर्नु पर्नेछ। प्राप्त निवेदन राजदूतावासले आबश्यक कारवाहीको लागि परराष्ट्र मन्त्रालयमार्फत गृह मन्त्रालयमा पठाउने छ ।

सम्बन्धित प्रमुख जिल्ला अधिकारीले नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची १० बमोजिमको ढाँचाको दर्ता कितावमा नेपाली नागरिकता त्याग गर्नेको विवरण दर्ता भएपछि दर्ता भएको मिति देखि त्यस्तो व्यक्तिको नेपाली नागरिकता समाप्त हुनेछ। राजदूतावासलाई सो को जानकारी प्राप्त भएपछि सम्बन्धित व्यक्तिलाई नागरिकता समाप्तिको सूचना गरिनेछ।